बुढीनन्दा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोल्टी, बाजुरा ।

सुदूरपश्चिम प्रदेश, नेपाल

मिति:२०८३।०५।०२

प.सं. २०८३।०८४ च.नं.

## रेरास परियोजनाबाट ५०% लागत साझेदारी (Matching Grant) मा कृषि विद्युतीय उपकरणको माग संकलन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:२०८३/०५/०२)

यस बुढीनन्दा नगरपालिकाको समन्वयमा **कृषि खाद्य प्रणालीको लागि नवीकरणीय ऊर्जा (RERAS)** परियोजना अन्तर्गत स्थानीय कृषक, कृषक समूह, कृषि सहकारी तथा समुदायमा आधारित संस्थाहरूको कृषि उपज प्रशोधन तथा मूल्य अभिवृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले ५०% लागत साझेदारी (Matching Grant) मा कृषि विद्युतीय उपकरण सहयोग गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक / कृषक समूह/सहकारी/संस्था माग आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। यस सूचनाको प्रकाशन भएको १० दिनभित्र बुढीनन्दा नगरपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ। यस सम्बन्धमा थप जानकारीका लागि सम्पर्क नं. ९८६१८११२८० मा सम्पर्क गर्नुहोला।

**उपलब्ध गराईने कृषि विद्युतीय उपकरणहरु:**

| क्र.स | उपकरणको नाम | उपलब्ध उपकरणको संख्या | मुख्य प्राविधिक विवरण | क्षमता | प्रयोग |
|---|---|---|---|---|---|
| १ | विद्युतीय कुटानी मिल | ४ वटा | पावर: २.५-३ HP<br>सिंगल फेज विद्युत<br>तौल: ४६ के.जी<br>आकार:६४०*४००*११६५ मि.मि<br>डिस्क टाईप मिल | १२०-१५० के.जी/घण्टा | कुटानीको लागि |
| २ | विद्युतीय पिसानी मिल | ४ वटा | मोटर: ५ HP<br>सिंगल फेज विद्युत<br>तौल: ५५-६५ के.जी<br>ग्राइन्डर व्यास:१८ इन्च<br>फलामको बडी | ५०केजी/ घण्टा | अन्न, गेडागुडी तथा मसला पिस्न |
| ३ | कम्प्याक्ट धान कुट्ने तथा पोलिस गर्ने मेसिन | १ वटा | पावर: २२० भोल्ट/२.२ कि.वा<br>मुख्य संरचना: फलाम<br>सञ्चालन विधि: विद्युत (सिंगल फेज) | १५० केजी/घण्टा | धान कुट्ने/बोक्रा हटा<br>तथा चामल र अन्य पोलिस गर्ने |
| ४ | तेल निकाल्ने मेसिन (मोटर बाहेक) | १ वटा | पावर: ७.५-१० HP/४४० भोल्ट<br>मुख्य संरचना: फलाम<br>सञ्चालन विधि: विद्युत (थ्री फेज) | ४५-५० केजी/घण्टा | विभिन्न प्रकारका तेल<br>बीउबाट तेल निकाल<br>प्रयोग हुने । |

**लागत साझेदारीको व्यवस्था:**

उपकरण खरिद तथा जडानका लागि लाग्ने कुल स्वीकृत लागतमा:

१. RERAS परियोजनाको योगदान:५०%

२. लाभग्राही कर्षक/समुह/सहकारी/संस्थाको योगदान:५०%
लाभग्राहीले आफ्नो लागत साझेदारीबापतको ५०% रकम नगद/स्वीकृत प्रक्रिया अनुसार उपलब्ध गराउन सक्ने प्रतिवद्धता पेश गर्नुपर्नेछ ।



Email:- ito.budhinanda@gmail.com/budhinandamuni@gmail.com /info@budhinandamun.gov.np

आवेदन दिन सक्ने लाभग्राहीहरुः

१. कृषक समुह
२. कृषि सहकारी संस्था
३. सामुदायिक संस्था
४. कृषि उद्यमी/कृषि व्यवसायी
५. स्थानीय समुदायमा आधारित संस्था

प्राथमिकताका आधारहरुः

१. कृषि उपजको उत्पादन तथा प्रशोधनको पर्याप्त सम्भावना भएको क्षेत्र ।
२. उपकरणबाट धेरै कृषक/घरधुरी लाभान्वित हुने अवस्था ।
३. महिला तथा सिमान्तकृ/विपन्न कृषकको सहभागिता र लाभ सुनिश्चित हुने अवस्था ।
४. उपकरण सञ्चालनका लागि आवश्यक सिंगल फेज विद्युत सुविधा उपलब्ध भएको र ट्रान्सफर्मरबाट ५०० मिटर भित्रको क्षेत्रमा अवस्थित हुनुपर्ने ।
५. उपकरण सञ्चालन, व्यवस्थापन तथा नियमित मर्मत सम्भार गर्न सक्ने क्षमता भएको ।
६. उपकरणलाई सामुदायिक सेवामुलक व्यवसायिक मोडेलमा सञ्चालन गर्ने स्पष्ट योजना भएको ।
७. लाभग्राहीले ५०% लागत साझेदारी गर्न सक्ने अवस्था भएको ।
८. विगतमा समान प्रकृतिको अनुदान/उपकरण सहयोग नलिएको वा दोहोरा सहयोग नहुने सुनिश्चितता भएको ।

आवेदनसँग पेश गर्नुपर्ने कागजातहरुः

१. निवेदन
२. संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी
३. प्यान/भ्याट प्रमाणपत्र र करचुक्ता (२०८२।०८३)
४. समुह/संस्थाको निर्णयको प्रतिलिपी।
५. स्थानीय जल लघु विद्युत आयोजना कार्यालयबाट माग क्षमता अनुरुप मेसिनरी उपकरणहरु पूर्ण रुपमा संचालन हुने प्राविधिक सिफारिस पत्र ।
६. प्रत्यक्ष लाभान्वित हुने कृषि उपज तथा अनुमानित बार्षिक परिमाण ।
७. प्रत्यक्ष लाभान्वित हुने कृषक/घरधुरी संख्या
८. उपलब्ध विद्युत सेवाको विवरण।
९. उपकरण संचालन तथा व्यवस्थापनको योजना ।
१०. ५०% लागत साझेदारी गर्न सक्ने प्रतिबद्धता ।
११. उपकरण संचालनको लागि आवश्यक पर्ने थप विद्युतीय सामाग्रीहरु जडान तथा बेहोर्ने प्रतिबद्धता ।
१२. उपकरण सञ्चालनका लागि जिम्मेवार व्यक्ति/समितिको विवरण ।

प्रमुख प्रशासकिय अधिकृत